# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-३ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०९/२४

## भाग-२

**बलेफी गाउँपालिका**

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### आर्थिक सहायता (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

**प्रस्तावना** : नेपालको संविधान भाग ३ अन्तर्गत धारा ४२ को समानताको हक सम्बन्धी व्यवस्थाको उपधारा (१) र (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को स्थानीय तहको काम कर्तव्य र अधिकार क्षेत्र भित्र स्थानीय सुरक्षा योजना र व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेकाले आर्थिक रुपले विपन्नता भएका परिवारको पालन पोषण, हेरचाह, शिक्षा, स्वास्थ्य उपचार तथा संरक्षण साथै विपदमा परेका व्यक्ति तथा परिवारका लागि आर्थिक सहायता सहयोग उपलब्ध गराउन बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा

१०२ बमोजिम बलेफी गाउपालिका, गाउँ कार्यपालिकाको आर्थिक सहायता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ तयार गरिएको हो ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "**आर्थिक सहायता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२**" रहेको छ ।

(२) यो कार्यविधि बलेफी गाउँपालिकाको कार्यपालिकाको बैठकबाट स्वीकृत भएर स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(१) "**आर्थिक रुपले विपन्न** " भन्नाले दैनिक जीवनयापन गर्न कठिनाई भएका आर्थिक रुपले विपन्न परिवार वा व्यक्ति सम्झनुपर्छ ।

(२) "विपन्न भएका व्यक्ति" भन्नाले जोखिममा परेका महिला वालवालिका अपाङ्गता भएका व्यक्ति असाहय जेष्ठ नागरिक एकल महिला हिंसा पिडित तथा प्रभावित व्यक्ति मानव वेचविखन तथा ओसारपारबाट प्रभावित भएका व्यक्त द्वन्द पिडित व्यक्ति यौन दुर्व्यवहार र शोषणमा परेका सडक जीवन जीउन बाध्य भएका जोखिमपुर्ण व्यवसाय वा कामबाट उद्धार गरिएका दैनिक जीवनयापनका लागि व्यवसाय स्थापनार्थ रकम अभाव भै आर्थिक सहायता आवश्यक भएका व्यक्ति सम्झनुपर्छ । सो शब्दले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयले विपन्न व्यक्ति हो भनि सिफारिस गरिएका व्यक्ति समेतलाई जनाउछ ।

(३) "**विपन्न परवार**" भन्नाले नेपाल सरकारले प्रचलित कानुन र नीति अनुसार विपन्न परिवार मानिएका परिवार वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयले विपन्न परिवार हो भनि सिफारिस गरिएका परिवार समेतलाई जनाउछ ।

(४) **"वडा कार्यालय"** भन्नाले बलेफी गाउँपालिकाका सम्बन्धित वडा कार्यालयहरुलाई जनाउछ।

(५) **"कार्यालय"** भन्नाले बलेफी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय भन्ने जनाउछ।

(६) **"अध्यक्ष"** भन्नाले बलेफी गाउँपालिकाको अध्यक्ष भन्ने जनाउछ ।

(७) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बलेफी गाउँपालिका गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

(८) **"आर्थिक सहायता"** भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध हुने आर्थिक सहायतालाई बुझ्नुपर्छ।

## परिच्छेद-२

## उद्देश्य, औचित्य र लक्षित वर्ग

३. **उद्देश्य** : गाउँपालिका भित्र जोखिम अवस्थामा रहेका विशेष स्वास्थ्य सुरक्षा र संरक्षणको आवश्यकता भएका विपन्न परिवार एवम् व्यक्तिको सहज जीवनयापन गर्न सहयोगी भूमिका प्रदान गर्ने ।

४. **औचित्य** : (१) मानव अधिकारको सम्मापन गर्न,

(२) गाउँपालिका प्रति नागरिकको अपनत्वको भाव सिर्जना गराउन,

(३) विपन्न तथा कमजोर वर्ग र आवाज विहिनहरुका लागि अभिभावकीय भूमिका रहेको महसुस गराउन ।

५. **लक्षित वर्ग** : (१) विशेष संरक्षणको आवश्यकता भएका

(२) जोखिममा परेका

(३) आर्थिक दृष्टिले विपन्न परिवार

(४) प्राकृतिक तथा मानवीय कारणबाट पिडित तथा प्रभावित

(५) दुर्घटना तथा चोटपटकबाट गम्भिर रुपमा घाइते भएका

(६) मृत्युका कारण दाहसंस्कार लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरु ।

(७) खाद्यान्नको अभावले दैनिक जीवनयापन गर्न कठिन अवस्थामा रहेका व्यक्ति वा परिवार

## परिच्छेद-३

## आर्थिक सहायता सहयोगको व्यवस्था, उपलब्ध गराउने आधार र सीमा

६. **आर्थिक सहायता सहयोगको व्यवस्था** : (१) गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजित स्वीकृत वार्षिक कार्यक्रम तथा अन्य स्रोतबाट प्राप्त रकमबाट आर्थिक सहायता सहयोग रकमको व्यवस्थापन गरिनेछ ।

७. **<u>आर्थिक सहयोग उपलब्ध गराउने आधार र सीमा</u>** : यस कार्यविधि बमोजिम तोकिएको लक्षित वर्गलाई देहायको आर्थिक सहायत सहयोग देहायको आधार र सीमा भित्र रही उपलब्ध गराईनेछ ।

(१) क्यान्सर, मेरुदण्ड पक्षघात, अङ्ग प्रत्यारोपण समेतका जटिल प्रकृतिका दिर्घरोगी तथा सोबाट मृत्यु भएका परिवारलाई समेत बढीमा बीस हजार सम्म।

(२) गम्भिर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना वा चोटपटकबाट गम्भिर रुपमा घाइते भएका, गम्भिर शारीरिक तथा मानसिक समस्या वा गम्भिर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन कठिनाई भएका व्यक्तिको उपचार सहयोग र निरन्तर रुपमा औषधी सेवन गरिरहनु पर्ने लगायतका खर्च जुटाउन नसेकेका परिवारका सदस्यलाई वढीमा बीस हजार सम्म।

(३) अनाथ, असाहय, अशक्त बालबालिका वा बाबुआमालाई गम्भिर शारिरीक वा मानसिक समस्या भएका अपाङ्गता वा असक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा तथा संरक्षण सहयोग बढीमा दश हजार सम्म।

(४) जोखिममा परेका प्राकृतिक वा मानवीय कारणले सिर्जित आपतकालीन संरक्षण सहयोगका लागि बढीमा सात हजार सम्म ।

(५) आर्थिक विपन्ताकै कारण सानोतिनो पेशा व्यवसाय सञ्चालन गर्न नसकी आफुसँग आश्रित परिवार पाल्न दैनिक कठिनाई भोगिरहेका साहारा विहिन व्यक्तिका लागि वढिमा दश हजार सम्म ।

(६) आर्थिक विपन्ताको कारण गाउँपालिकाको स्वास्थ्य केन्द्रमा स्वास्थ्य उपचार नहुने तथा अन्य स्वास्थ्य केन्द्रमा स्वास्थ्य उपचारका लागि आर्थिक अभावले गर्दा जान नसकि स्वास्थ्य उपचारबाट बञ्चित भएमा व्यक्तिलाई वढीमा दश हजार मात्र ।

(७) विपन्न परिवारका बालबालिकालाई लत्ता कपडा, विद्यालय पोसाक, झोला तथा शैक्षिक सामाग्री वा सामान्य उपचार सहयोग बढीमा दश हजार सम्म ।

(८) दुर्घटनामा परी मृत्यु भएको अवस्थामा र आवश्यता हेरी किरिया खर्च वापत बढीमा पन्ध्र हजार सम्म ।

(१०) घरगोठ, आगलागी, बाढी पहिरो, घर पुरिएको, भुकम्प पिडित, चट्याङ्गबाट धनजनको क्षति/ नष्ट भएकोमा राहत स्वरुप चामल, लत्ता कपडा, ब्याङकेट, नुनतेल, खाद्यान्न सामाग्री, ओड्ने

ओछ्याउने, भाडावर्तन लगायतका राहत सामाग्री स्वरुप वडाको सिफारिस र प्रहरी सरजमिन मुचुल्का अनुसार उपलब्ध गराउने ।

(११) अति विपन्न, गरिव, असाहय, असक्त घर परिवारलाई आर्थिक सहायताको लागि वडा कार्यालयको सिफारिस साँथ निवेदन दिएमा अध्यक्षज्युको तोक आदेश बमोजिम बढीमा दश हजारसम्म।

(१२) माथि उल्लेख नभएका वा छुट भएका जुनसुकै अवस्थामा आर्थिक सहयोग गर्नुपर्ने भएमा अध्यक्षज्यूको तोक आदेशमा बढीमा दश हजार सम्म ।

## परिच्छेद-४

## आर्थिक सहायता निर्णय प्रक्रिया

८. **आर्थिक सहायताको लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु** : (१) अनुसुची १ बमोजिमको निवेदन र नागरिकताको प्रतिलिपी

(२) सम्बन्धित वडाबाट विपन्न नागरिक सिफारिस पत्र,

(३) अस्पतालमा भर्ना भएको बिरामी दर्ता पुर्जा तथा डाक्टरको प्रेस्क्रिप्सन सहित विल भरपाई,

९. **दफा ८ बमोजिमको कागजातसहित आर्थिक सहायता माग भएमा हुने निर्णय प्रक्रिया** : (१) रु एक हजार देखि दश हजारसम्मको हकमा प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट सोझै दिन सक्नेछ।

(२) रु दश हजार देखि बीस हजारसम्मको हकमा गाउँपालिकाको अध्यक्षको तोक आदेशमा प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

(३) उपदफा १ र २ मा तोकिएको भन्दा वढी रकम आर्थिक सहायता उपलब्ध गराउनुपर्ने भएमा गाउँकार्यपालिकाको वैठकको निर्णय बमोजिम उपलब्ध गराईनेछ ।

(४) आर्थिक सहायता उपलब्ध गराउदा विषय वा प्रकृति हेरी गाउँपालिकाको स्वास्थ्य शाखा प्रशासन शाखाबाट व्यहोरा उठान भई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## आर्थिक सहायता रकमको खर्च सम्बन्धी समीक्षा

१०. **आर्थिक सहायता रकमको खर्च सम्बन्धी समीक्षा** : गाउँपालिका कार्यालयबाट उपलब्ध भएका आर्थिक सहायता रकमको खर्चका सम्बन्धमा गाउँकार्यपालिकाको बैठकमा यसको प्रभावकारीताको बारेका

आवश्यकता अनुसार समीक्षा गरिनेछ ।

## परिच्छेद-६

## विविध

११. **आर्थिक सहायता उपलब्ध गराउन नसकिने** : (१) यस कार्यविधि बमोजिमको आर्थिक सहायता सहयोग गाउँपालिका क्षेत्रभित्र स्थायी वसोबास नभएका व्यक्ति वा परिवारलाई उपलब्ध गराउन सकिने छैन । तर, कुनै गम्भिर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लागी तत्काल उपचार खर्च नभई सहयोगका लागि अनुरोध गरेको अवस्थामा आवश्यक जाँचबुझबाट ठहर भएका व्यक्ति, सडक बालबालिका, सडक वेसाहारा जीवन गुजारा गरिरहेका व्यक्ति र विगत पाँच वर्षदेखि गाउँपालिका क्षेत्रभित्र बसोबास गर्दै आएका परिवारका सदस्यलाई तोकिएको मापदण्डको सीमा भित्र रही आपतकालिन सहयोग उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

१२. **प्रचलित कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने ।

१३. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाको वैठकले फुकाउन सक्नेछ ।

## अनुसुची-१

## आर्थिक सहायता रकम मागका लागि दिईने निवेदनको ढाँचा

मिति : ....................

श्री गाउँ कार्यपालिकाको कार्यालय,

बलेफी गाउँपालिका, बलेफी, सिन्धुपाल्चोक ।

**विषय : आर्थिक सहायता रकम उपलब्ध गराईपाउँ ।**

प्रस्तुत विषयमा म निवेदक यसै गाउँपालिका वडा नं. ........... को स्थायी बासिन्दा भएको र हाल ......... रोग/दुर्घटनाको कारण ..................................................... अस्पतालमा उपचाररत रहेको र मेरो परिवारको आर्थिक अवस्था न्यून रहेकाले उपचारका लागि यस कार्यालयको **आर्थिक सहायता (सञ्चालन तथा व्यवास्थापन) कार्यविधि, २०८२** मा भएको व्यवस्था बमोजिमको सहायता रकम उपलब्ध गराईदिनुहुन यस निवेदनका साथ वडा कार्यालयको सिफारिस र बिरामी दर्ता प्रमाणपत्र एवं प्रेस्क्रिप्सन संलग्न गरी सादर अनुरोध गर्दछु ।

**बिरामीको विवरण :**

नाम थर :

बाबुको नाम थरः

आमाको नाम थरः

स्थायी ठेगाना :

सम्पर्क मोवाइल नम्बर :

उपचाररत अस्पतालः

रोगको प्रकृति :

**निवेदक**

दस्तखतः

नाम थरः

ठेगाना :

मितिः

आज्ञाले,
होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/०९/२४